म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ७१ शनिबार, २३ असोज २०७८ तृतीया ने. सं. ११४१ कौलाथ्व 9 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेकपा (एस) बागमती प्रदेश कमिटी गठन

हेटौंडा/नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को बागमती प्रदेश भेलाले २ सय ३१ सदस्यीय नयाँ बागमती प्रदेश कमिटी गठन गरको छ । भेलाबाट प्रादेशिक इन्चार्ज/सहइन्चार्ज, पदाधिकारीसहितको १७ सदस्यीय सचिवालय गठन गरिएको हो ।

उक्त कार्यक्रममा पार्टीका उपाध्यक्ष राजेन्द्र पाण्डेले कमिटीका सदस्यलाई शपथ गराएका छन् । इन्चार्ज केदार न्यौपानेले कार्ययोजनासम्बन्धी विषय प्रस्तुत गर्नुभयो भने स्थायी समिति सदस्य जीवनराम श्रेष्ठले कार्यविभाजनसम्बन्धी विषय प्रस्तुत गरेका थिए । प्रदेशभित्र सञ्चालन गरिने राजनीतिक गतिविधि, तिनका कार्य विभाजन, नेतालाई आवश्यकतानुसारको जिम्मेवारी प्रदान गर्न छलफल गरिएको छ ।

संगठनलाई शुद्धिकरण, सुदृढीकरण र विस्तार गर्नेलगायत विषयमा छलफल भएको छ । स्थायी समिति सदस्य सावित्रा भुसालले आगामी दिनमा प्रदेशलाई कसरी सशक्त बनाएर लैजाने, प्रदेशभित्र पर्ने, महानगर, उपमहानगर, नगर, वडालगायत स्थानीय तहका निर्वाचनमा कसरी सफलता प्राप्त गर्ने विषयमा संवेदनशील हुन आग्रह गरे ।

# शाक्यले विश्वासको मत लिने निश्चित



*मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार माधव अर्यालले प्रदेशसभा सचिवालय सचिव कृष्णहरि खड्कालाई विश्वासको मत प्राप्त गर्न प्रस्ताव पेश गर्ने सूचना हस्तान्तरण गर्दै*

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले प्रदेशसभामा विश्वासको मत लिने निश्चित भएको छ ।

२५ भदौमा एमाले विभाजनको आधिकारिक पत्र प्रदेशसभामा दर्ता भएसँगै अल्पमतमा परेकी शाक्यले २४ असोजमा विश्वासको मत लिने भएकी हुन् । संविधानको धारा १८८ को उपधारा (२) मा मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीन दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्ने संवैधानिक व्यवस्था छ ।

मुख्यमन्त्री शाक्यको तर्फबाट अर्यालले बुझाएको पत्र शुक्रबारनै प्रदेशसभा सचिवालयमा दर्ता गरेर सभामुख सानुकुमार श्रेष्ठ र उपसभामुख राधिका तामाङलाई जानकारी गराइसकेको सचिवालयका प्रवक्ता बिनोद अमात्यले जानकारी दिए ।

पत्र बुझ्दै सचिव खड्काले २४ असोज दिउँसो ११ बजे बोलाइएको कार्यव्यवस्था परामर्श समितिको बैठकमा सूचनाको पत्र पेश गरिने र समितिको निर्णयानुसार प्रक्रिया अघि बढाइने बताए ।

शाक्यले विश्वासको मत लिने तयारी स्वरुप २० असोजमा २४ असोज दिउँसो ३ बजे प्रदेश-सभाको हिउँदे अधिवेशन आव्हान गर्न प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष सिफारिस गरेकी थिइन् ।

सोहि व्यवस्था बमोजिम शुक्रबार मुख्यमन्त्री शाक्यको तर्फबाट उनका प्रमुख राजनीतिक सल्लाहकार माधव अर्यालले प्रदेश सभा सचिव कृष्णहरि खड्का समक्ष विश्वासको मत प्राप्त गर्न प्रस्ताव पेश गर्ने सूचना बुझाएका थिए ।

मुख्यमन्त्री शाक्यले पेश गरेको पत्रमा दल विभाजन भएको परिप्रेक्षमा नेपालको संविधानको धारा १८८ को उपधारा (२) तथा बागमती प्रदेशसभा नियमावली २०७४ को नियम १४३ उपनियम (१) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने सम्बन्धि प्रस्ताव पेश गर्न यो सूचना दिइएको उल्लेख छ ।

# चार पटक सांसद निर्वाचित खतिवडा बने पहिलो पटक मन्त्री



**करिब ३० वर्षे राजनीतिक जीवनमा पहिलो पटक मन्त्री बनेका विरोध खतिवडा मकवानपुरका चर्चित नेता हुन् ।**

साझाकुरा संवाददाता

हेटौंडा/देशमा बहुदल आएपछि भएका विभिन्न चरण भएको संसदीय निर्वाचनमा कहिल्यै पराजय नभएका मकवानपुरे विरोध खतिवडा पहिलो पटक मन्त्री भएका छन् ।

खरो सांसदको परिचय बनाएका खतिवडा नेकपा (एकीकृत समाजवादी)को नेतृत्व गर्दै सरकारमा सहभागी भएका हुन् । करिब ३० वर्षे राजनीतिक जीवनमा पहिलो पटक मन्त्री बनेका खतिवडा मकवानपुरका चर्चित नेता हुन् ।

हक्की र निडर स्वभावका खतिवडा शुक्रबार स्वास्थ्य तथा जनसंख्या मन्त्री भए । मकवानपुरका नेतामध्ये कमल थापापछि उनी मन्त्री बन्ने दोस्रो नेतापनि हुन् । यसअघि कांग्रेसका दुई नेता राज्यमन्त्री मात्रै हुन सकेका थिए । खतिवडाले मकवानपुरमा विद्यालय, सडक, सिँचाई, स्वास्थ्यचौकी, पुल, विद्युतीकरण लगायत विकास निर्माणमा बजेट पारेका छन् ।

२०४८, २०५१, २०५६, २०७० मा गरी बहुदल र तीन पटक र गणतन्त्र आएपछि एक पटक सांसद भएका खतिवडाले मन्त्री हुन लामो समय पर्खनु परेको छ । खतिवडा मुलुकमा बहुदल स्थापनाका भएको आन्दोलन, शैक्षिक तथा मजदुर आन्दोलनहरुमा सहभागी हुँदा सबैभन्दा बढी १४ महिना र कम ३ महिना गरी पाँच वर्ष जेल बसेका छन् । २०३७ सालमा काठमाडौंको सेन्ट्रल जेलमा खतिवडाले पहिलो पटक जेल जीवन बिताए । २०३७ सालमा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, राधाकृष्ण मैनाली, वेदुराम भुषालसंगै जेलमा बसेका थिए ।


उनी डिल्लीबजार, भीमफेदी, स्याङ्जा, गौर, पोखरामा पनि जेल जीवन बिताएको खतिवडा सुनाउँछन् । खतिवडाको जन्म १० फागुन २०१५ मा मकवानपुरको गढी गाविस हालको हेटौंडा-१७, हटियामा भएको हो । उनको पिता बद्री खतिवडा पनि पुराना कम्युनिष्ट नेता हुन् । परिवारको जेठो सन्तान खतिवडाले हेटौंडाको भुटनदेवी माविबाट २०३३ सालमा एलएलसी (हालको एसईई) गरेका थिए । उनले ल क्याक्पसबाट २०३४-२०३९ बी एल गरेका छन् ।

भुटनदेवी माविबाट २०२८ सालदेखि विद्यार्थी राजनीतिमा सक्रिय भएका हुन् खतिवडा ।

बहुदल आएपछि २०४३ सालमा मकवानपुरबाट जनपक्षीय राष्ट्रिय पन्चायत सदस्यको चुनावमा उम्मेदवार बनेका थिए । चुनावमा थाहाका अभियान्ता रुपचन्द्र विष्टसंग प्रतिष्पर्धा गरेका थिए । खतिवडासँग नेकपा एमालेको जिल्ला तथा केन्द्रीय सदस्यको जिम्मेवारीमा रही कार्य गरेको अनुभवन छ । पार्टी केन्द्रीय उद्योग विभाग तथा लेखा आयोगको सदस्य पनि भएका थि । उनी एमाले र नेकपा माओवादी केन्द्रबीचको एकतापछि बनेको नेकपामा केन्द्रीय सदस्य बनेका थिए । एमाले विभाजनपछि बनेको एकीकृत समाजवादीमा उनी स्थायी कमिटी सदस्य छन् ।

उनको परिवारमा श्रीमती मुनु सिग्देलसहित एक छोरा र एक छोरी छन् । सिग्देल हाल नेकपा (एकीकृत समाजवादी)को बागमती प्रदेशको प्रमुख सचेतक छिन् । खतिवडा र सिग्देलको राजनीति यात्राकै क्रममा मकवानपुरगढी दरबारभित्र जनवादी विवाह भएको थियो । पूर्व मिस नेपाल श्रृंखला खवितडा छोरी हुन भने छोरा विदेशमा अध्ययनरत् छन् ।

परिवारनै कम्युनिष्ट सिद्धान्त बोकेको भएका कारणपनि उनी वामपन्थी आन्दोलन र राजनीतिक चेतका कारण कम्युनिष्ट पार्टीमा आबद्ध भएका थिए । खतिवडा ल क्याम्पसमा २०३५(२०३६ सालमा स्ववियू पदाधिकारीमा रही जिम्मेवारी बहनका साथै अखिलको केन्द्रिय सदस्य पनि भए । उनी २०३५/०३६ सालमा पार्टीको जिल्ला कमिटीमा आबद्ध भएका थिए । मुलुकमा बहुदल आउनुअघि अर्थात् २०४० सालअघिसम्म खतिवडा भूमीगत राजनीतिमा सक्रिय भएका थिए ।




हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड शुभ विजया दशमी, दिपावली र छठका अवसरमा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हेटौंडा सिटी हस्पिटल प्रा.लि. परिवार

भिन्तुना पथ, हेटौंडा उपमहानगरपालिका-१

# बागमतीमा 'सूचना बैंक' शुभारम्भ

साझाकुरा संवाददाता

**हाल समेटिएका १४ वटै कार्यालयका सूचना वा दस्तावेजहरु सूचना बैंकको पोर्टलबाट नै डाउनलोड गर्नसमेत सकिनेसमेत व्यवस्था मिलाइएको छ ।**

हेटौंडा/सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशले सूचना संकलन र भण्डारणको उद्देश्यले 'सूचना बैंक' स्थापना गरेको छ ।


नेपालमा पहिलो पटक सूचना बैंक बनेको छ । रजिष्ट्रारको कार्यालयले करिब दुई वर्षको गृहकार्यपछि सूचना संकलन र भण्डारण गर्ने एग्रिगेटरको रुपमा सूचना बैंक सञ्चालनमा ल्याएको जनाइएको छ ।

प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार सूचना बैंकबाट बागमती प्रदेशका सात वटा मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभासहित १४ वटा कार्यालयको सूचना पाउन सकिने रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले जानकारी दिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्री अजयक्रान्ति शाक्यले सूचना बैंक शुभारम्भ गरेका छन् । रजिष्ट्रार सापकोटाले सूचना बैंकमा प्रदेशमातहतका सबै कार्यालय र स्थानीय तहलाई जोड्दा धेरै राम्रो हुने बताए । 'सबै स्थानीय तहलाई पनि यो बैंकमा लिंक गराउन सके यसले पूर्णता पाउनेछ ।,' 'नागरिकले सूचना प्राप्त गर्न सम्बन्धित कार्यालयको वेवसाइट सर्च गर्नु पर्दैन, सूचना बैंकको पोर्टलमा जाँदा ती १४ वटै कार्यालयका वेवसाइटमा राखिएका सूचना पाउन सक्ने गरी बनाइएको छ ।,' सापकोटाले भने ।

हाल समेटिएका १४ वटै कार्यालयका सूचना वा दस्तावेजहरु सूचना बैंकको पोर्टलबाट नै डाउन-लोड गर्नसमेत सकिने रजिष्ट्रार सापकोटाले जानकारी दिए । प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित नागरिकसँग सरोकार राख्ने र सार्वजनिक महत्वको सूचनाहरु संकलन, भण्डारण र वितरण गर्न सूचना बैंक उपयोगी हुने भएकोले सञ्चार रजिष्ट्रारको कार्यालयले सूचना बैंकको स्थापना गरेको उनको भनाइ छ ।

# थप ६ जनामा कोरोना संक्रमण पुष्टि




साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा पछिल्लो २४ घण्टामा ६ जना कोरोना संक्रमित थपिँदा ९ जना संक्रमणमुक्त भएका छन् ।

होम आइसोलेशन तथा संस्थागत आइसोलेशनमा रहेका ९ जना संक्रमणमुक्त भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार, संक्रमणमुक्त हुनेहरुमा सबै जना हेटौंडा उपमहानगरपालिकाका रहेका छन् ।

यससँगै जिल्लामा हालसम्म कोरोना संक्रमणमुक्त हुनेको कुल संख्या १४ हजार ९ सय ७७ जना कोरोना संक्रमणमुक्त भएका छन् । यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा थप ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा ६६ जनाको पीसीआर र एन्टीजेन परीक्षण गर्दा ६ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका २ जना र थाहानगरपालिकाका चार जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार २ सय ८० जना पुगेको छ । तीमध्ये हालसम्म १६५ जना कोरोना संक्रमितको मृत्यु भएको छ ।

जिल्लामा हालसम्म हेटौंडाका १ सय १७ जना, थाहानगर पालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृतयु भएको छ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# तपाईंको कम्प्युटरमा विन्डोज ११ छैन ? यसरी गर्नुहोस् नि:शुल्क डाउनलोड

काठमाडौं/माइक्रोसफ्ट कम्पनीको बहुप्रतिक्षित विन्डोज ११ अपरेटिङ सिस्टम अन्तत: आम प्रयोगकर्ताका लागि उपलब्ध भएको छ । विन्डोज ११ सपोर्ट गर्ने कम्प्युटरहरुमा अब यसलाई नि:शुल्क रुपमा डाउनलोड गरी अपग्रेड गर्न सकिनेछ । विश्वका दोश्रो मूल्यवान कम्पनीको रुपमा रहेको माइक्रोसफ्टका लागि विन्डोज ११ को सार्वजनिकीकरण कोशेढुंगाको रुपमा रहेको छ किनकी कम्पनीको कूल आम्दानीको १४ प्रतिशत विन्डोज सफ्टवेयर बाटै हुने गरेको छ ।




दशकौंदेखि पर्सनल कम्प्युटरको अपरेटिंग सिस्टमको क्षेत्रमा आधिपत्य जमाउँदै आएको माइक्रोसफ्टले सन् २०१५ को विन्डोज १० यता नयाँ संस्करण ल्याएको थिएन । विन्डोज ११ ले माइक्रोसफ्टलाई डेल, एचपी, लेनोभो जस्ता आफ्नो सफ्टवेयरको लाइसेन्स लिने कम्प्युटर निर्माता कम्पनीहरुमार्फत् आम्दानीको वृद्धिदर कायम राख्न सहयोग गर्ने अपेक्षा गरिएको छ ।

विन्डोज ११ मा माइक्रोसफ्टले विभिन्न नयाँ फिचरहरु समेत थप गरी समृद्ध बनाएको छ । Start Menu को डिजाइनमा परिवर्तन गरेर Start बटनलाई स्क्रिनको बीच भागमा ल्याइएको छ । त्यस्तै अमेजनको एप स्टोरमार्फत् विन्डोजमै एन्ड्रोइड एप उपलब्ध हुनेछन् । त्यस्तै आगामी वर्षदेखि माइक्रोसफ्टले हरेक वर्ष विन्डोजमा अपडेट गर्ने जनाएको छ ।

**कसरी प्राप्त गर्ने विन्डोज ११ ?**

पहिलो कुरा तपाईंको कम्प्युटरमा विन्डोज ११ अहिले नै उपलब्ध नहुन पनि सक्दछ । हाललाई माइक्रोसफ्टले विन्डोज १० इन्स्टल भएका नयाँ भर्सनका कम्प्युटरहरुमा विन्डोज ११ उपलब्ध गराउँदैछ । अन्य कम्प्युटरहरुले कहिले विन्डोज अपडेट पाउनेछन् भन्ने कुराको निर्धारण गर्न यसले डाटाको विश्लेषण गर्नेछ । सन् २०२२ को मध्य सम्ममा सबै विन्डोज १० भएका योग्य डिभाइसमा विन्डोज ११ को अपडेट प्राप्त हुने बताएको छ ।

त्यसैले सबैभन्दा पहिले PC Health Check app को प्रयोग गरी आफ्नो कम्प्युटर ले विन्डोज ११ को अपग्रेड प्राप्त गर्न योग्य छ कि छैन भन्ने थाहा पाउनुहोस् । अपग्रेडका लागि सम्भव भएतापनि तपाईंको कम्प्युटरले विन्डोज ११ सपोर्ट नगर्ने भएमा यसले तपाईंलाई विन्डोज ११ इन्स्टल गर्न सुझाव दिएको हुँदैन ।

तर यदि तपाईंले एऋ ज्भबतिज ऋजभअप बउउ बाट आफ्नो कम्प्युटर विन्डोज ११ अपग्रेड गर्नका लागि योग्य भएको पाउनुभयो भने निम्न चरण पूरा गर्नुहोस्:

- माइक्रोसफ्ट विन्डोज ११ वेबसाइटमा जानुहोस्
- Download Now मा क्लिक गरी Windows 11 Installation Assistant प्राप्त गर्नुहोस्
- डाउनलोड भएको फाइल खोल्नुहोस्
- लाइसेन्स एग्रिमेन्ट शर्तहरुको खण्डमा Accept and install मा क्लिक गर्नुहोस्
- अब तपाईंको कम्प्युटरमा फाइल डाउनलोड हुन सुरु हुन्छ ।

विन्डोज ११ इन्स्टलेसन एसिस्टेन्ट टुलले कम्प्युटरमा विन्डोज ११ इन्स्टल गरिदिन्छ र यसका लागि एक घण्टा वा सो भन्दा लामो समय लाग्न सक्दछ । कम्प्युटर तथा इन्टरनेट कनेक्सन कति फास्ट छ भन्ने कुरामा विन्डोज ११ इन्स्टल हुन लाग्ने समय भर पर्दछ । तपाईंले पृष्ठभूमिमा विन्डोज ११ इन्स्टल भैरहँदा आफ्नो कम्प्युटरमा काम गरिरहन पनि सक्नुहुन्छ । पूर्ण इन्स्टल भएको ३० मिनेटपछि कम्प्युटर रिस्टार्ट हुन्छ । जब यो पूरा हुन्छ तब विन्डोज ११ होमस्क्रिन तपाईंको कम्प्युटरमा देखिनेछ ।

**विन्डोज ११ मन नपरेमा के गर्ने ?**

तपाईंलाई कम्प्युटरमा इन्स्टल गरिसकेको विन्डोज ११ मन परेन र विन्डोज १० नै प्रयोग गर्ने इच्छा लाग्यो भने पनि पुन: पछाडि फर्किन सक्नुहुन्छ । तर यसका लागि विन्डोज ११ इन्स्टल गरेको १० दिनभित्रैमा तपाईंले विन्डोज १० मा फर्किनु पर्नेहुन्छ । यसका लागि :

- Setting मा मा क्लिक गरेर खोल्नुहोस्
- System मा क्लिक गर्नुहोस्
- Recovery मा क्लिक गर्नुहोस् र Go back मा क्लिक गर्नुहोस्

वास्तवमा १ अर्ब ३० करोड प्रयोगकर्ता रहेको विन्डोज १० विश्वको सबैभन्दा लोकप्रिय कम्प्युटर अपरेटिंग सिस्टम हो । त्यसैले माइक्रोसफ्टले यसका प्रयोगकर्तालाई जबरजस्ती विन्डोज ११ मा लैजान चाहेको छैन । त्यसैले तपाईं यदि विन्डोज १० बाट खुसी हुनुहुन्छ भने अझै केही वर्ष निर्धक्क यही चलाउन सक्नुहुन्छ । माइक्रोसफ्टले सन् २०२५ बाट मात्रै विन्डोज १० बन्द गर्नेछ । यो वर्षको अन्त्यतिर विन्डोज १० को फिचर अपडेट गर्ने माइक्रोसफ्टको योजना छ । - अनलाईनखबर

# भियाग्राको कारण श्रीमती गर्भवती नभएपछि ...

शारीरिक सम्बन्धलाई राम्रो बनाउनका लागि भियाग्राजस्ता औषधिको प्रयोग घातक सावित हुनसक्छ । भियाग्राका कारण विभिन्न प्रकारका शारीरिक समस्याहरु आउने गरेका थुप्रै उदाहरण भेटिएका चिकित्सकहरु बताउँछन् । यसैबीच, एक व्यक्तिले भियाग्राको सेवनका कारण श्रीमती गर्भवती नभएको भन्दै मद्दत मागेका छन् ।




५० वर्षीय उक्त व्यक्तिले लेखेका छन्, 'हाम्रो विवाह भएको १० वर्ष भइसक्यो । म ५० वर्षको भएँ । मेरी श्रीमतीको उमेर ३९ वर्ष हो । मैले लिंग उत्तेजित नहुने समस्याका कारण भियाग्राको प्रयोग गर्छु । हामी धेरै वर्षदेखि बच्चा बनाउने कोसिस गरिरहेका छौँ । तर, हाम्रो मातापिता बन्ने इच्छा पूरा भएको छैन ।' उनले अगाडि लेखेका छन्, 'सुरुमा डाक्टरहरुले मेरी श्रीमतीमा गाइनाकोलोजिकलसँग जोडिएका समस्या भएको बताएका थिए । जसकारण उनी गर्भवती भएकी थिइनन् । तर, यो समस्याको उपचार भइसकेपछि पनि उनी गर्भवती भइनन् । मलाई भियाग्राको प्रयोगले उनी गर्भवती नभएको हो कि भन्ने चिन्ता लागिरहेको छ ।' विशेषज्ञ भन्छन्, 'डाक्टरको सल्लाह अनुसार भियाग्राको प्रयोग गरेको होइन भने तुरुन्तै डाक्टरको सल्लाह लिनुहोस् । नेशनल हेल्थ सर्भिसका अनुसार भियाग्राका कारण गर्भधानमा समस्या आउने विषयमा पुष्टि भएको छैन् । त्यसैले, चिकित्सकसँग सल्लाह लिन आवश्यक छ ।'

- रातोपाटी

# सहमतिमा सम्बन्ध राख्नु स्वतन्त्रताको विषय हो ?

व्यक्तिगत स्वतन्त्रतामा पत्नीहरुलाई कसैसँग प्रेम गर्ने र यौन सम्बन्ध राख्ने स्वतन्त्रता हुन्छ कि हुँदैन ? यो एउटा रोचक वहसको विषय हो । पूर्वीय दण्ड विधानमा अर्काकी पत्नीसँग शारीरिक सम्पर्क राख्ने पुरुषलाई विभिन्न कारबाहीको व्यवस्था गरिएको छ तर उस्तै अवस्थामा महिलालाई तुलनात्मक रुपमा कम दण्डको व्यवस्था छ । यद्यपि यस्तो अवस्थामा पतिले पत्नीसँग सम्बन्ध विच्छेद भने गर्न सक्छन् ।



धार्मिक मान्यता अनुसार विवाहपछि एकअर्कामा पतिपत्नीबीच निष्ठा भाव हुनुपर्छ । धर्मशास्त्रले परपुरुष वा परस्त्रीसँग सम्बन्ध राख्ने विषयमा पनि उल्लेख त गरेको छ । तर यदि पुरुष या महिला सन्तानोत्पादनको लागि असक्षम भएको खण्डमा सन्तानोत्पादनको लागि पति वा पत्नीको सल्लाहमा सम्बन्ध राखेको विभिन्न धार्मिक कथाहरुमा पढ्न पाइन्छ । अहिले पनि कतिपय कानुनले यदि महिला वा पुरुषले विना अनुमति परपुरुष वा परस्त्रीसँग सम्बन्ध राखेको थाहा भयो भने एकअर्कामा सम्बन्ध तोड्ने अधिकार दुवैलाई दिएको छ ।

विवाहबाट पति र पत्नी एकअर्कामा धेरै अधिकार प्राप्त हुन्छ । यो अधिकार आपसी सम्झौता र समझदारीमा भर पर्छ । समाजको काम यिनीहरुमाथि पहरेदारी गर्नु होइन । समाजले सधैंभरि यसबारेमा एकतर्फी व्यवहार गरेको छ । शताब्दीयौंदेखि महिलाहरुलाई व्यावहारिक रुपमा कम अधिकार दिइएको छ । उनीहरुलाई पतिको सम्पत्तिमा हिस्सेदारी दिएर पतिमा निर्भर गराइएको छ । धेरैलाई यो अनैतिकता फैलाउने कुरा जस्तो लाग्न सक्छ । तर यही नैतिकताको कुरामा ध्यान दिँदा पौराणिक कथामा सीता र अहेल्याले पीडा भोगे र द्रौपदीले बारम्बार अपमान भोग्नु पर्‍यो ।

कुनै पनि विवाहित महिलाले आफ्नो शरीर र मुटुको सबै अधिकार पुरुषलाई हस्तान्तरण गर्ने र त्यसको बदलामा घर, नियमित भोजन जस्ता अत्यावश्यक सामग्री पाउने हाम्रो सामाजिक व्यवस्था छ । यदि पतिको उदासीनताको कारण अरु कसैकी श्रीमतीप्रति आकर्षित बन्छ भने उनीहरु विरुद्ध समाज र कानुनले नैतिकताको भरमा उसको कामलाई नजरअन्दाज गर्न सक्दैन । पति र पत्नीको माया आपसी लेनदेनमा निर्भर हुन्छ । जसरी एक युवक प्रेममा हुँदा एउटी केटीबाहेक अरु कसैलाई देख्दैन, त्यस्तै गरी केटीले प्रेमीबाहेक सबैलाई तुच्छ ठान्छिन् । यस्तो व्यवहार पति र पत्नीमा स्वचालित रूपमा हुनुपर्छ । अन्यथा यसमा जबरजस्ती हुँदैन । केवल श्रीमतीहरु आृनो मन मार्छन्, कसैलाई चाहनुलाई अपराधको रुपमा मान्छन्, यदि कसैसँग बोल्यो भने परिवार र समाजबाट अर्कै व्यवहार भोग्नुपर्छ । जबकि पुरुषले त्यही काम गर्दा उनीहरुमा पुरुषार्थको कुरा जोडिन्छ ।

गल्ती वास्तवमा हाम्रो सोचाइमा हो । त्यसैले यस्तो सवालमा धर्मलाई र हाम्रो पद्धतिलाई आरोप लगाउने भन्दा पनि हाम्रो सोच बदल्नुपर्छ । यसले समाजमा महिला र पुरुषको बीचमा समानता पैदा हुन्छ ।

- अनलाईनखबर

# साहित्य

लघुकथा

## आमाको महत्व



**मनस्वी बस्नेत**

कक्षा : ५ क, नवोदय शिशु सदन

एकादेशमा एउटा ठूलो शहर थियो । त्यो शहरमा एउटा घरमा दुई जना आमा र छोरी थिए । छोरीको नाम मनिसा थियो र आमाको नाम सुमन थियो । सुमनले छोरीलाई भने धेरै माया गर्थी तर छोरी भने सधैं मोवाइल चलाएर बस्थी । आमा भने अलि बिरामी थिइन् तर छोरीले भने आमालाई पनि मद्दत नगर्ने र खाली मोवाइल चलाएर बस्ने गर्थी ।

एकदिन खानाखाने बेलामा सुमन बेहोस् हुनुभयो । त्यसपछि मनिसाले सुमनलाई अस्पताल लिएर गइन् । मनिसलाई आफ्नो आमालाई के भो भनेर पीर लाग्न थाल्यो । डाक्टर र मनिसाको कुराकानी भयो । डाक्टर : हजुरको आमालाई शरीरमा धेरै घाउहरु छन् । उनी यस्तो समयमा पनि काम गर्नु हुँदो रहेछ ।
मनिस : हो र ?

मनिसा अब सधैं आफैं काम गर्न थालिन् । राम्रो हेरचाहा र उपचारले गर्दा आमा निको हुँदै गइन् ।भर आएपछि मनिसले आफ्नो गल्तीहरु सुधार्दै सुमनसँग माफी मागे ।

कविता

## तिमी



**रोहित यादव**

कक्षा ११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट

तिमी यही छौ झै लाग्दैछ,
मलाई हेर्दै छौ झै लाग्दैछ,

तिम्रै लागि नै लेख्दैछु,
तिमी, सुनेर हास्दै छौ झै लाग्दैछ

भगवान् ले नै बनाको रैछ,,
तारिफ गर्न बाँकी छ

मलाई खुशी हुन के चाहिन्छ र
तिम्रा त्यो मुस्कान नै काफी छ

सुमधुर आवाज सुन्नै मन लाग्छ
तिम्रा आँखा ले के पो गर्यो जादु,
मेरो मन मा मेरै छैन काबु

दुखी त भैनी हाल्छु
देखेका छैनन् ती चन्द्रमा झै मुखडा,

के गरम् तिमीलाई त मात्र
सुनाउन सक्छु मुटु को यो

जीन्दगीको ठुलो दौर जितन
चाहिन्छु तिम्रै साथले
जीन्दगीको ठुलो दौर जितन
चाहिन्छु तिम्रै साथले ।।

तिर्खा मार्न पानी त चाहिन्छ
तर चाहन्छु तिम्रै हातले ।।

लघुकथा

## आस्था



**राजेन्द्र संग्रौला**

विर्तामोडको मुख्य चोक अग्ला र चिल्ला घरहरूले घेरिएको थियो । तर अलिपर खोलाका छेउतिर भने अत्याधिक फोहोर थियो । त्यो फोहोर बाटोमा मान्छे ओहोर-दोहोर गर्न निकै गाह्रो मान्थे । त्यही बाटो पर खोलाका डिलमा एउटा अस्थायी घर थियो । त्यो घरमा दुइजना बुढाबुढी मात्र बस्थे ।

त्यो घरमा कुकुर, बिराला, भ्यागुत्ता, मूसा, सर्प आदि जहाँबाट पनि छिर्न सक्थे । त्यहाँको बुढो जहिल्यै बिरामी हुन्थ्यो । ती बुढी मान्छे कताकता कसैका घरमा गएर काम सघाउँदै खानेकुरा जुटाउँथिन् । उनका छोराछोरी कहाँ बस्छन् ? के गर्छन् ? अत्तोपत्तो थिएन । छरछिमेकसँग दुई भाइ छोरा र एउटी छोरीको कुरा त गर्थिन् । छोरी चाहिँ कहिलेकाहीं आउँथी । त्यो पनि आउन छोडी भन्थिन् । सरकारको भत्ता पाउने बेला त भयो । नेपाली मुलककै भए पनि नागरिकता नभएकाले त्यो पनि पाउन सकेनन् । ती जोर दम्पत्ति अति चरम गरीबिको सिमा रेखाभन्दा निकै तल थिए ।

ती वृद्धा धर्मकर्ममा अत्यन्तै विश्वास राख्थिन् । जस्तै जाडोमा पनि बिहान नुहाएर कति ठाउँका देवतालाई पूजा गर्थिन् । अमेरला हाउस अगाडि हाइवे छेउको पिपलको बोटमा तीनपल्ट वरिपरि घुम्दै पूजा गर्थिन् । त्यहाँ बात्ती बाल्थिन् । सडक विस्तारमा त्यो रुख फेदैबाट ढालियो । तैपनि उनले रहेको ठुटामा पनि त्यसै गरी घुमीघुमी पूजा गर्न छाडीनन् । उनी त्यो पूजाको थाली लिएर सिधैं घरमा जान्थिन् र त्यो दीर्घरोगी बुढोलाई टीका लगाइदिन्थिन् । त्यसरी टीका लगाइरहँदा उनी बुढाको दिर्घायू र सुस्वास्थ्यको कामना गर्थिन् । अलिकपछि बुढा बिते । तिनी पनि त्यो ठाउँ छोडेर कता गइन् । त्यसपछि कहिल्यै देखा परिनन् । उनको आस्था छुटेपछि टुहुरो बनेको पिपलको ठुटो पनि जरैबाट उखेलियो ।

## महिनावारीले मलाई डराइदिन्छ !

**साधना भुर्तेल**

बारीमा फुलेका कोदो र खेतमा झुलेका धानका बालाले
दसैं बोलाइरहेछन्
तर, मेरो शरीरबाट बग्ने रगतले मलाई
पर पुर्याइदिन्छ कि भन्ने डरले मुटु काँपिरहेछ ।

मैरै हातले रोपेका फूलहरुले
घरभरि मिठो सुगन्ध फैलाइरहेछन्
तर, मेरो शरीरबाट बगेको रगतकै कारण तिनै फूलहरु
मबाट टाढा हुने हुन् कि, हातहरु पनि डराइरहेछन् ।

बिहानै पूजाघरका भाँडा र देउताका मूर्तिहरुले
मलाई आह्वान् गरेजस्तै लाग्छ
तर दसैंका बिहानीमा तिनै देउताको नाममा मेरो शरीर पछाडि
धकेलिने पो होकि, मन आत्तिरहेछ ।

देवीको पूजा गर्दा मेरै हातले बनाइने
ती मिष्ठान्न स्वाद
यसपालि पस्किन पाउँछु वा पाउँदिनँ
भान्सा छिर्न खुट्टा पनि डगमगाइरहेछ ।

मैले राखेका तिनै जमराले
देवीलाई पुज्न पाउँदिनँ होला सायद
साइतमा मेरै हातले दही र अक्षता पनि
मुस्न पाउँदिनँ होला सायद ।

तर समाज, कसैको शरीरबाट बगेको रगतकै कारण
पूजाघरकी देवीको वरिपरि दियो बलिरहँदा,
घरकी देवीलाई अँध्यारो कोठामा निदाउन
विवश बनाउनै पर्ने हो र ?

पूजाघरकी देवीलाई चढाइएको मिष्ठान्न
घरकै देवीले खान खोज्दा त्यस्तो अभिसापको सोच किन ?
पूजाघरकी देवी सजाउन
तिम्रै घरकी देवीले रोपेका हैनन् र ती सुन्दर फूलहरु ?
तर उनैबाट ती फूल टिपिन खोज्दा
त्यस्तो अनिष्टको सोच किन र ?

बिन्ती, यसपालि
एउटी देवीले अर्की देवीलाई कुनाबाट मात्रै नियाल्न नपरोस्
हरेक महिना सहजै स्वीकारेको रातो रगतलाई
दसैंकै दिनमा कसैले बोझ सम्झन् नपरोस्
शरीरका पीडा त यथावत् हुन्छन् हजुर,
तर मनका पीडाले नि शरीरलाई भारी बनाउन नपरोस् ।

त्यसैले आउनुस् यसपालि-
पर सरेकी एउटी देवीलाई वर सारिहेरौँ
वर्षौंदेखि पर पन्छाइएको कसैको खुसी
र अधिकारलाई सबैमाझ समेटिहेरौँ
अन्तत: सदियौंदेखिको भ्रम तोडिहेरौँ ।

## दसैं आउँछ, तिहार आउँछ



**सुफल थपलिया**

दसैं आउँछ अनि तिहार आउँछ
मित्रहरुको शुभकामना सन्देश आउँछ
शुभकामनाले मात्र टर्दैन चाडपर्व अनि
कमाउन हिँडेका मान्छेको याद आउँछ ।

आउन त आउँछ उत्तरबाट भेडा र च्यांग्रा आउँछ
दक्षिणवाट मखमली र सयपत्री आउँछ
बजारभरि चामल र तेलको भाउ बढेर आउँछ
यसपालि पनि आउन मिलेन नि काली भनेर नआउने त
तिमी नै हौ प्यारा, त्यसै त मझेरीभरि तिम्रो याद छरपस्ट आउँछ ।

दसैंसँगै तिम्रो पसिनाको अलिकति कमाइ आउँछ
पैसाभन्दा अगाडि ऋण तिर्नुपर्ने साहुको उर्दी आउँछ
जसोतसो व्यवहार मिलाउँदै नयाँ कपडा आउँछ
अनि घरमा छोराको रमाइलो दसैं आउँछ ।

उन्माद ती नव-जोडीहरुको खुसी बाटोभरि आउँछ
लट्टे पिङ र दोहोरीको रमाइलो माहोल आउँछ
मेरो हाल त के सोच्छौ प्रिय
पूर्णिमाको जूनले सकेन प्यास मेट्न
त्यसैले त तिमी सँगैको ती रगिंन रातको याद आउँछ ।

कमाए रमाउला, मरे बाकसमा भन्दै
विदेशिएका परदेशीहरु
माथ्लो घरे साइला दाइको लास आउँछ
साहिली भाउजूको बिजोग देखेर
आँखाबाट आँसु आउँछ
हरेक पल झस्कन्छ मुटु
विधुवा हुने अब कसको पालो आउँछ ?

दसैं आउँछ अनि तिहार आउँछ
मित्रहरुको शुभकामना सन्देश आउँछ
शुभकामनाले भरिन्न पेट अनि
कमाउन हिँडेका मान्छेको याद आउँछ ।

# लयमा फर्किन संघर्षरत् सान्चो



काठमाडौं/बोरुसिया डर्टमन्डबाट म्यानचेस्टर युनाइटेड आएका जाडोन सान्चो २०२०/२१ को सिजनको शुरुआतमा सुस्त देखिएका छन् । बुन्डेसलिगामा उनले राम्रो प्रदर्शन गरेका थिए । प्रिमियर लिगमा पनि उनले त्यही लय कायम राख्ने अनुमान गरिएको थियो ।

प्रशिक्षक ओले गुनार सोल्स्कजाइरले रासफोर्डलाई बेञ्चमा राखेर पनि सान्चोलाई मोका दिएका छन् । तर उनले आफूलाई साबित गर्न सकेका छैनन् । 'मलाई सान्चोलाई टोलीमा राख्नु ठीक लाग्छ किनकि उनी क्रिएटिभ, निडर, क्षमतावान, इमान्दार हुनुका साथै म्यानचेस्टर युनाइटेडको सफलताको लागि सकेसम्मको योगदान दिन तत्पर छन्' गत अगष्टमा सोल्स्कजाइरले भनेका थिए, 'उनी युवा खेलाडी हुन्, तर कहिलेकाहीं यी युवा खेलाडीको काँधमा सबै किसिमको अनुभव छ जस्तो लाग्छ ।'

**गोलरहित सिजन**

ट्रान्सफर मार्केटका अनुसार २१ वर्षीय सान्चोको बजार मूल्यांकन म्यानचेस्टर युनाइटेड आएसँगै १० करोड युरोबाट नौ करोड युरोमा झरेको छ । सान्चोले अहिलेसम्म प्रिमियर लिगका दुई खेल खेलेका छन् । तर अहिलेसम्म कुनै गोल भने गर्न सकेका छैनन् । यद्यपि गत साता भिल्लारियलमाथि २-१ को जित निकाल्न उनले भूमिका खेलेका थिए । सोल्स्कजाइर अझै पनि सान्चोप्रति विश्वस्त देखिन्छन् । 'बुधबार भिल्लारियलविरुद्ध जाडोन विशेष देखिएका थिए,' उनले भने, 'उनी विशिष्ट क्षमताका छन् र समर्थकले पनि उनलाई मन पराएका छन् । मलाई उनले पनि समर्थकसँगको सम्बन्ध बुझेजस्तो लाग्छ ।'

'उनले अहिलेसम्म गोल गर्न सकेका छैनन्, तर त्यो रात (बुधबार) मैले सोचें कि जाडोनलाई त्यो खेलमा कति दबाब थियो,' सोल्स्कजाइरले भने । उनको विश्वास छ, आगामी दिनमा सान्चोले आफ्नो खेल देखाउनेछन् र शीर्ष खेलाडीमा सामेल हुनेछन् । टोलीमा रहेका क्रिस्टियानो रोनाल्डो र एडिन्सन काभानीजस्ता शीर्ष खेलाडीबाट पनि उनले धेरै कुरा सिक्न सक्ने युनाइटेडका प्रशिक्षक साल्स्कजाइरको भनाइ छ ।

**गेरेथ साउथगेटको आलोचना**

इंग्ल्याण्डका फुटबल प्रशिक्षक गेरेथ साउथगेटले भने म्यानचेस्टर युनाइटेडले सान्चोलाई टोलीमा ल्याएर गल्ती गरेको बताएका छन् । कुनै समय सान्चोलाई इंग्ल्याण्डको टोलीमा राखेका साउथगेटका अनुसार सान्चो अहिले फर्ममा छैनन् ।

म्यानचेस्टर युनाइटेड इंग्ल्याण्डको सबैभन्दा ठूलोमध्ये एक क्लब भएको भन्दै साउथगेटले सान्चो यो क्लबका लागि योग्य नभएको बताएका छन् । उनले सान्चोलाई केही समय म्यानचेस्टर युनाइटेडको प्रक्रियाको विषयमा जानकारी दिन जरुरी रहेको बताएका छन् ।

- अनलाईनखबर

# कात्तिक दोश्रो साताबाट 'द भ्वाइस किड्स' प्रशारण हुने




विश्वका १ सय १३ देशमा फ्रन्चाइज शोको रुपमा संचालन भैरहेको रियालिटी शो 'द भ्वाइस किड्स' अब नेपालमा पनि भित्रिएको छ । शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै कात्तिकको दोश्रो साताबाट हरेक शुक्रबार र शनिबार बेलुकी ८ बजेबाट हिमालय टीभीबाट यो शो प्रशारण हुने जानकारी दिइएको छ ।

विश्वका सयौं देशमा नम्बर १ रियालिटी शोको रुपमा स्थापित 'द भ्वाइस किड्स नेपाल'मा ६ देखि १४ बर्ष उमेर भित्रका बालबालिका सहभागी छन् । अहिले बालबालिकाको प्रि अडिसन चलिरहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

डिजिटल अडिसनमा १० हजार भन्दा बढी बालबालिका सहभागी भएको र यसबाट छनोट भएका १४ बर्ष भन्दा कम उमेरका बालबालिकाले 'ब्लाइन्ड अडिसन'मा सहभागी हुनेछन् ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा हिमालय टीभीका अध्यक्ष धर्मराज भुषालले शोका प्रायोजक कम्पनीका प्रतिनिधीसँग सहमती पत्रमा हस्ताक्षर गरेका छन् । यो शोको टाइटल स्पोन्सर अमृत तेल रहेको छ । यस्तै, हाइजिन पार्टनरमा 'लाइफबोय र डाबर रेड पेष्ट', को स्पोन्सरमा लिटमस केबल्स र बत्सल्य न्याचुरल, फ्लोरिङ्ग पार्टनरमा जेन्सा कार्पेट र भोटिङ पार्टनरमा खल्ती आवद्ध छ । यस्तै, यसको मार्केटिङ पार्टनर एड प्याड मिडिया मार्केटिङ रहेको छ । 'द भ्वाइस किड्स'को मुख्य कोचमा राजु लामा, प्रमोद खरेल, मिलन नेवार र प्रविशा अधिकारी छन् । कार्यक्रमका निर्देशक लक्ष्मण पौडेलले पहिलो सिजनमै सहभागी बालबालिकाहरुको प्रतिभा 'द भ्वाइस अफ नेपाल'मा सहभागीहरुको भन्दा विलक्षण रहेको सुनाए ।

उनले, आफूहरुले बालबालिकाको प्रतिभा विश्वमाझ पुर्याउनका लागि यो शो तयार पारेको बताए । शोका निर्देशक पौडेलले बालबालिकाहरुको मनोविज्ञानलाई समेत मध्यनजर राखेर आफूहरुले शो तयार पारेको बताए । उनले, आफूहरुको प्रतिस्पर्धा अन्य शोसँग भन्दा पनि दर्शकसँग भएको बताए ।

कार्यक्रममा उपस्थित कोचहरु राजु लामा, मिलन नेवार र प्रविशा अधिकारीले यो शोसँग जोडिन पाउँदा नयाँ अनुभुती भैरहेको सुनाए । उनीहरुले, बालबालिकालाई आफूहरुले मुल्यांकन गर्ने भन्दा पनि उनीहरुको प्रतिभा निखार्न सहयोग गर्ने जानकारी दिए ।

- अनलाईनखबर

# ईपीएल फाइनललाई चितवन र पोखरा तयार



काठमाडौं/बजाज पल्सर एभरेष्ट प्रिमियर लिग (ईपीएल) २०२१ को उपाधिका लागि शनिबार चितवन टाइगर्स र पोखरा राइनोजबीच प्रतिस्पर्धा हुँदैछ ।

दुवै टिम पहिलो पटक फाइनल पुगेकाले ईपीएलको चौथो संस्करणले नयाँ विजेता पाउनेछ । यसअघि पहिलो संस्करणमा पञ्चकन्या तेज च्याम्पियन बनेको थियो । त्यसबेला कर्पोरेट शैलीमा प्रतियोगिता भएको थियो ।

दोस्रो संस्करणमा विराटनगर वारियर्स र तेस्रो संस्करणमा ललितपुर प्याट्रिओट्सले उपाधि जितेको थियो । यसपटक दुवै टिम लिग चरणबाटै बाहिरिसकेका छन् । शुक्रबार टीयू मैदानमा भएको फाइनल खेलको प्रिम्याच कन्फ्रेन्समा दुवै टिमका कप्तानले फाइनलका लागि तयार भएको बताएका छन् । चितवनका कप्तान सोमपाल कामी र पोखराका कप्तान विनोद भण्डारीले फाइनल भनेर धेरै सोच्ने भन्दा पनि एउटा गेम सोचेर खेल्ने बताए ।

यसअघि चितवन र पोखरा दुई पटक भेट भइसकेका छन् । जसमा दुवै खेल चितवनले जितेको थियो । तर फाइनलमा त्यसले असर नगर्ने दुवै कप्तानले बताए । 'फाइनल हो लिगको बारेमा धेरै सोचेर हुँछ ।

फाइनलमा जुन टिमले राम्रो खेल्छ उसैले जित्छ । फाइनल पुगेको दुवै टिम राम्रो हो । भोलि जसले राम्रो खेल्यो उसले जित्छ' पोखराका कप्तान विनोद भण्डारीले भने । यस्तै चितवनका कप्तान सोमपाल कामीले पनि विगतको बारेमा सोचेर नहुने बताए । 'मेरो विचारमा पास्ट इज पास्ट । फाइनल भन्दा पनि मेरो लागि एउटा गेम जस्तै हो । खेलाडीले म्याच खेल्न पाइराछ । त्यमसा खुशी छौं । कन्फिडेन्ट नै छु ।' सोमपालले यसअघि आफ्नो कप्ताद्दीमा धनगढी प्रिमियर लिगको उपाधि जितिसकेका छन् । त्यसैले त्यसले पनि मोटिभेट गर्ने बताए ।

उता पोखराका कप्तान विनोद भण्डारीले यसअघि अरु प्रतियोगितामा फाइनल खेल्दै उपाधि जितिसके पनि फ्रेन्चाइज लिगमा भने पहिलो पटक फाइनल पुगेका हुन् । उनले त्यस्तो नसोची खेल्ने बताए । 'ईपीएलको फाइनल पहिलो पटक खेलेको भनेर सोचेर खेल्यो भने एक्स्ट्रा प्रेसर हुन्छ । त्यसैले धेरै सोचेर हुँदैछ । तर फाइनलमा प्रेसर चाहिँ हुन्छ' उनले भने ।

यस पटक ईपीएलमा पाकिस्तानका पूर्व कप्तान शाहीद अफ्रिदी जस्ता नाम चलेका स्टार खेलाडीहरु आएका थिए । अफ्रिदीसहित करिब दुई दर्जन खेलाडीले टीयू मैदानमा ईपीएल खेले । विदेशी खेलाडीको आगमनले नेपाली खेलाडीले पनि धेरै कुराहरु सिक्ने अवसर पाएको सोमपाल र विनोदले बताए । लिग चरणमा पोखरा ५ मध्ये ४ खेल जित्दै ८ अंक जोडेर पहिलो भएको थियो भने पोखरा ३ जित र १ बराबरीबाट ७ अंक जोड्दै दोस्रो भएको थियो । लिगमा पोखरा चितवनसंग मात्र पराजित भएको थियो ।

पहिलो क्वालिफायरमा चितवनले पोखरालाई पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो । पोखराले भने दोस्रो क्वालिफायरमा भैरहवा ग्लाडिएटर्सलाई हराएर फेरि चितवनसंग नै फाइनल भेट पक्का गरेको हो ।

यसअघि चितवन र पोखराबीच दुई खेल हुँदा दुवै खेलमा चितवनले सहज जित हात पारेको थियो । लिग चरणमा मोहम्मद शाहजाद र भीम शार्कीले अर्धशतक बनाएपछि चितवनले पोखराले दिएको १२४ रनको लक्ष्य १६.४ ओभरमा १ विकेट मात्र गुमाएर पूरा गरेको थियो ।

यस्तै पहिलो क्वालिफायरमा चितवनले पोखरालाई ६६ रनमा अलआउट गर्दै ९ विकेटको जित हात पारेको थियो । चितवनमा अफगानिस्तानका मोहम्मद शाहजाद र करिम जन्नतले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् ।

यस्तै श्रीलंकन सेकुगे प्रसन्न र मलेसायका भिरनदिप सिंह पनि विदेशी खेलाडीको रुपमा छन् । शाहजाद सर्वाधिक रन बनाउनेमा शीर्ष स्थानमा छन् । उनले ६ खेलमा १ अर्धशतकसहित १९६ रन बनाएका छन् । सोमपाल कामीसहित नेपाली युवा खेलाडीहरु भीम सार्की, सिंह ऐरी, सागर ढकाल, शाहब आलम, राजेश पुलामी मगर लगायतले चितवनका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका छन् ।

चितवनका सागर ढकाल १३ विकेट सहित सर्वाधिक विकेट लिनेमा अघि छन् । चितवनकै करिम ९ विकेटसहित दोस्रो स्थानमा छन् । शाहब र कमलले समान ८ विकेट लिएका छन् । पोखरामा रहेका श्रीलंकन साहान अराचचिगे र असेला गुनारत्नेले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् ।

यस्तै अन्य विदेशी खेलाडीमा दक्षिण अफ्रिकाका रिचर्ड लेभी र वेष्ट इन्डिजका केभ्रिक विलियम्स छन् । लेभी १५५ रन बनाउँदै सर्वाधिक रन बनाउनेमा चौथो स्थानमा छन् । पोखराका लागि युवा अलराउण्डर विवेक यादवले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । उनले ११२ रन बनाएका छन् भने ४ विकेट लिएका छन् ।

- अनलाईनखबर

# संविधानको आफूअनुकूल व्याख्या गर्दै एमालेका मुख्यमन्त्री



काठमाडौं/नेकपा एमाले र जनता समाजवादी पार्टी एकैदिन विभाजित हुँदा समान राजनीतिक घटना क्रमबाट गुज्रिएका तीन वटा प्रदेश सरकारमध्ये प्रदेश २ का मुख्यमन्त्रीले विश्वासको मत लिइसकेका छन् । एमाले नेतृत्वमा रहेका दुई वटा प्रदेश सरकार भने विश्वासको मत लिने दिन पर धकेलेर आफ्नो आयु दसैंपछिसम्म पुऱ्याउन लागिपरेका छन् । यसको पुष्टि दुबै प्रदेश सरकारले गरिसकेका छन्।

प्रदेश १ संसद्को हिउँदे एवं नवौं अधिवेशन शुक्रबार सुरू भएका छन् । तर, अधिवेशन प्रारम्भ हुने दिनसम्म पनि सरकारले विश्वासको मत लिन चाहेको सूचना प्रदेश सभामा पठाएको छैन । कहिले प्रस्ताव पठाउँछ भन्नेबारे केही खुलाएको पनि छैन । मन्त्रीहरू नै यसबारे बेखबर छन् ।

प्रदेश १ को प्रदेशसभा नियमावलीअनुसार विश्वासको मतमा छलफल हुनुभन्दा दुई दिनअघि नै संसदमा सरकारले प्रस्ताव पठाउनु पर्ने उल्लेख छ । एमाले र जनता समाजवादी पार्टी एकैदिन भदौ ९ मा औपचारिक रूपमा विभाजित भएका थिए । एमाले विभाजन भएर नेकपा एकीकृत समाजवादी र जसपा विभाजित बनेर लोकतान्त्रिक समाजवादी पार्टी गठन भएका थिए ।

त्यो घटना क्रमपछि बागमती, प्रदेश १ र २ सरकारले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता उत्पन्न भएको थियो । संविधानको धारा १८८ को उपधारा २ अनुसार मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल वा सरकारलाई समर्थन गर्ने दल विभाजित भए त्यसको ३० दिनभित्र संसदबाट मुख्यमन्त्रीले विश्वासको मत लिने प्रस्ताव पेश गर्ने र उपधारा ३ मा तत्काल कायम रहेको संसद्को बहुमतबाट पारित नभए मुख्यमन्त्री पदमुक्त हुने उल्लेख छ । सोहीअनुसार प्रदेश २ मा लालबाबु राउतले बुधबार नै विश्वासको मत लिइसकेका छन् । एमाले नेतृत्वमा रहेका प्रदेश सरकारहरू भने '३० दिनभित्र प्रस्ताव संसदमा दर्ता गर्ने' वाक्यांशलाई आधार मानेर सरकारको आयु लम्ब्याउने प्रयासमा जुटेका छन् । बागमती प्रदेश सरकारले असोज २४ का लागि संसद्को हिउँदे अधिवेशन आह्वान गरेको छ । उसले त्यही दिन संसदमा विश्वासको मत चाहिएको प्रस्ताव दर्ता गर्ने जनाएको छ ।

'हामी २४ गते संसदमा प्रस्ताव पठाउँदैछौं,' बागमती प्रदेश सरकारकी आर्थिक मामिला तथा योजना मन्त्री रचना खड्काले भनिन्, 'त्यसपछि दसैं बिदा सुरू होला । छलफलचाहिँ दसैंपछि मात्रै होला ।' बागमती प्रदेशमा अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनेको साता नबित्दै उनी अल्पमतमा परेकी थिइन् ।

प्रदेश सभामा एमालेसँग सभामुखसहित अहिले ४३ सदस्य छन् । यो सरकार टिकाउन पुग्दो संख्या होइन । यो प्रदेशमा माओवादी केन्द्रका उपसभामुखसहित २३, कांग्रेसका २२, एकीकृत समाजवादीका १३ र जनता समाजवादीका १ जना सांसदसहित विपक्षी गठबन्धन प्रष्ट बहुमतमा छ ।

बागमतीले जस्तै प्रदेश १ सरकारले पनि संवैधानिक प्रावधानको आफूअनुकूल व्याख्या गर्दै असोज २४ मै प्रस्ताव पठाउने तयारी गरिरहेको छ । यद्यपि मुख्यमन्त्री भीम आचार्य भने विश्वासको मत लिने भन्दाभन्दै पनि 'सहमतिको सरकार बनाऔं' भन्दै विपक्षीलाई आग्रह गर्दै छन् । 'मेरो पहिलो प्रस्ताव त सहमतिमा सरकार बनाऔं भन्नेछ,' बुधबार सार्वजनिक कार्यक्रममै आचार्यले भनेका थिए 'यदि त्यो सम्भव भएन भने मात्रै दसैंपछि प्रक्रियामा जाउँला ।' मुख्यमन्त्रीले दसैंपछि मात्रै विश्वासको मत लिने सार्वजनिक घोषणा गरेपछि प्रदेश १ को विपक्षी गठबन्धनले सभामुख प्रदीपकुमार भण्डारीलाई भेटेर संविधानअनुसार सदनको प्रक्रिया अघि बढाउन आग्रह गरेको थियो । जवाफमा सभामुखले संविधानभन्दा दायाँबायाँ नहुने वचन दिएका थिए ।

मुख्यमन्त्री आचार्यले कहिले त्यो प्रक्रिया अंगाल्छन् भन्ने टुंगो अझै लागेको छैन । सरकारले विश्वासको मत कहिले लिन्छ भन्नेमा मन्त्रीहरूसमेत बेखबर छन् । भदौ ९ मै एमाले विभाजित भएको भए पनि प्रदेशसभामा निर्वाचन आयोगले पठाएको सूचना भदौ २४ मा मात्रै आइपुगेको कारण देखाउँदै प्रदेश १ मा विश्वासको मत लिने प्रक्रिया सरकारले पर धकेल्दै आएको छ । यसलाई विपक्षी गठबन्धनले सरकारको आयु लम्ब्याउने प्रयास भन्दै आएको छ ।

उस्तै प्रकृतिको घटनामा प्रदेश २ ले विश्वासको मत लिइसक्दा दुईटा प्रदेशमा ढिलाइ किन ? 'ढिला गरेका छैनौं, हामी संवैधानिक प्रावधानअनुसार विश्वासको मत लिन्छौं,' प्रदेश १ का आर्थिक मामिला तथा योजना मन्त्री तुलसी न्यौपानेले भने, 'संविधान अनुसार हामीअघि बढ्ने हो ।' संसदमा प्रस्ताव कहिले पठाउँछ प्रदेश सरकारले यसबारे सरकारका दोस्रो वरियताका मन्त्री न्यौपाने स्वयं बेखबर छन् । 'यसबारे मुख्यमन्त्रीज्यूलाई थाहा होला, हामीलाई जानकारी भइसकेको छैन,' उनले भने ।

विपक्षी गठबन्धनले भदौ २४ भित्र सरकारले विश्वासको मत लिइसक्नु पर्ने भन्दै प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी र सभामुखलाई भनिसकेका छन् । सरकारले संविधान बाहिर जान नमिल्ने उनीहरूको तर्क छ । तर, मुख्यमन्त्रीले दसैंपछिको भाका सार्वजनिक गरेपछि विपक्षी गठबन्धन संशकित बनेको छ ।

प्रदेश १ संसदमा सत्तारूढ एमालेका ४१ सांसद छन् । एक जना सभामुख र एक जना फरार सांसद घटाउँदा उसको मत संख्या ३९ मात्रै हुन्छ । यो संख्या सरकार टिकाउन पुग्दो संख्या होइन । संसदमा सामान्य बहुमत सिद्ध गर्न ४७ मत आवश्यक पर्छ ।

विपक्षी गठबन्धन भने ५० मत संख्या साथमा लिएर नयाँ सरकार बनाउने तयारीमा बसेको छ । आचार्य नेतृत्वको सरकारले विश्वासको मत लिने मिति पर धकेल्ने प्रयास गरिरहँदा त्यसलाई रोक्ने प्रयासमा गठबन्धन जुटेको छ । गठबन्धनमा कांग्रेसका २१, माओवादी केन्द्रका १५, नेकपा एकीकृत समाजवादीका १०, जसपाका ३ र संघीय लोकतान्त्रिक मन्चका १ गरी ५० सांसद छन् ।

- सेतोपाटी

# राष्ट्रपति कार्यालय पुग्दापुग्दै कसले काट्यो साहको नाम ?



काठमाडौं/जनता समाजवादी पार्टी नेपालले चारजना मन्त्रीको नाम चयन गर्दा त्यसमा प्रमोद साहको नाम थियो ।

पार्टीका शीर्ष नेताहरुको छलफलले चारजना मन्त्रीमध्ये प्रमोद साहको नाम पनि राखेको थियो । उनलाई कृषि तथा पशुपंछी विकास मन्त्रीमा पठाउने निर्णय भएको थियो । शीर्ष नेताहरुको सो निर्णयलगत्तै उनलाई पार्टीका नेता तथा कार्यकर्ताहरूले बधाई दिन सुरु गरेका थिए ।

उनी आफू मन्त्री हुनेमा ढुक्क थिए । फोन र म्यासेजबाट बधाई तथा शुभकामना आइरहेको थियो । शुक्रबार दिउँसो राष्ट्रपति कार्यालयबाट मन्त्रिपरिषद्ले पूर्णता पाएको नामावली सार्वजनिक भयो । त्यसमा प्रमोद साहको ठाउँमा महेन्द्र राय यादवको नाम थियो । सुरुदेखि नै जसपामा कार्यकारिणी सदस्य राजेन्द्र श्रेष्ठले नेतृत्व गर्ने कि अर्का सदस्य महेन्द्र राय यादवले सरकारको नेतृत्व गर्ने भन्ने कुरामा विवाद थियो । शीर्ष नेताहरुको छलफलमा राजेन्द्र श्रेष्ठले नेतृत्व गरेर जाने भएपछि महेन्द्रराय यादव मन्त्री हुनेबाट ब्याक भएका थिए । बैठकले चारजनाको नामलाई अन्तिम रुप दिएको थियो । तर राष्ट्रपति कार्यालयले सार्वजनिक गरेको मन्त्रीको सूचीमा प्रमोद साहको नाम परेन ।

मन्त्रीको सूचीमा नाम नपरेपछि साहले भने, 'मलाई पनि आश्चर्य लागेको छ, पार्टीबाट मेरो नाममा सहमति भएको थियो तर राष्ट्रपति कार्यालयबाट नामावली आउँदा मेरो नाम काटिएको छ यो कसरी भयो मलाई पनि आश्चर्य लागेको छ ।'

महेन्द्रराय यादव र प्रमोद साह दुवैजना सर्लाहीका हुन् । दुवै जनाले महन्थ ठाकुरलाई छाडेर उपेन्द्र यादवलाई साथ दिएका थिए । महेन्द्र राय यादवले भने सुरुदेखि नै ठाकुरको साथ छाडेर यादवलाई साथ दिँदै आएका थिए । तत्कालीन समाजवादी पार्टी र राजपा एकीकरण हुने वित्तिकै महेन्द्र राय यादव उपेन्द्र यादवको साथमा गएका थिए । पछिल्लो समय महन्थ ठाकुरले आफ्ना पक्षबाट तत्कालीन ओली नेतृत्वको सरकारमा १० जना मन्त्री पठाउँदा प्रमोद साह लगायतका सांसदको नाम गएको थिएन । त्यसबाट साह असन्तुष्ट थिए ।

त्यसपछि उनीसहित सातजना सांसदहरुले उपेन्द्र यादवलाई साथ दिएका थिए । आधिकारिकताका लागि निर्वाचन आयोगमा विवाद चलिरहँदा साहलगायतले उपेन्द्र यादवलाई साथ दिएका थिए । प्रमोद साहकै कारण उपेन्द्र यादवको पक्षले बहुमत प्राप्त गरेका थिए । उनलाई मन्त्री बनाउने आश्वासन पनि दिइएको थियो । तर अन्तिममा उनको नाम काटिएको छ ।

- रातोपाटी

# जो चर्चामा रहे तर भएनन् मन्त्री



काठमाडौं/गत असार २९ मा गठबन्धनको सरकार बनेपछि मन्त्री बन्ने भनेर लगातार सञ्चारमाध्यममा छाएका तीन जना नेताले अन्तत मन्त्री पद पाएनन् ।

चर्चामा रहेर पनि मन्त्री बन्नबाट बञ्चित भएकाहरुमा नेकपा एकीकृत समाजवादीका मेटमणी चौधरी, नेकपा माओवादी केन्द्रका हरिबोल गजुरेल र जनता समाजवादीका मोहम्मद इस्तियाक राई हुन् । गठबन्धनबीच मन्त्रालयको भागबण्डा र पार्टीका नेताहरुको आन्तरिक व्यवस्थापन नमिल्दा चर्चामा रहेका तीन पार्टीका तीन जना नेता चर्चामै सीमित बनेका हुन् ।

**चर्चा एउटा, जिम्मेवारी अर्को**

शुक्रबार प्रधानमन्त्री देउवाले मन्त्रिमण्डल विस्तार र कार्यविभाजन गर्दा यसअघि नेताहरुले पाउने मन्त्रालय पनि परिवर्तन भएको छ । जस्तो कि यसअघि नेकपा एकीकृत समाजवादी पार्टीकी रामकुमारी झाँक्रीले रक्षा, स्वास्थ्य तथा जनसंख्या र शिक्षा मन्त्रालय पाउने चर्चा भएको थियो ।

तर झाँक्रीले जिम्मेवारी पाउँदा सहरी विकास मन्त्रालय पाइन् । त्यस्तै समाजवादीकै विरोध खतिवडा स्वास्थ्य र सहरी विकासमा चर्चा भएपनि जिम्मेवारी स्वास्थ्य मन्त्रालयको पाएका छन् । उता पर्यटन मन्त्रालय पाउने चर्चा भएका प्रेम आलेले भने सोही मन्त्रालय पाएका छन् ।

- रातोपाटी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# संस्कृति र परम्परालाई साझा रुपमा मनाउन मुख्यमन्त्रीको आग्रह

साझाकुरा संवाददाता



हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले संस्कृति र परम्परालाई सबैले साझा रुपमा मनाउन आग्रह गरेकी छन् ।

शुक्रबार नेकपा एमाले मकवानपुरले दसैं, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदाप्रदान तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाक्यले साझा रुपमा मनाइने चाडपर्वलाई जर्गेना गर्नसमेत आवश्यक रहेको दाबी गरिन् ।

उनले संस्कृति र परम्परा भनेको कुनै समुदायले भन्दा पनि सबैले साझा पर्वको रुपमा मनाउनुपर्ने बताएकी हुन् । उनले आउँदै गरेको चाडपर्व राष्ट्रिय पर्व रहेको बताइन् । हाम्रा संस्कृतिका धरोहरहरुलाई बलियो बनाउनुपर्ने बताउँदै विभेदरहित नेपाल निर्माणमा लाग्नका सबैलाई आग्रह गरिन् ।

एमाले मकवानपुरका अध्यक्ष बद्री लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका मन्त्रीहरु, मकवानपुरबाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेशका सांसदहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, बिभिन्न राजनीतिक दलका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।



हेटौंडा र काठमाडौं जोड्ने छोटोमार्गअन्तर्गत जोखिमयुक्त सडक भीमफेदीदेखि देउराली सडक खण्डमा भइरहेको कालोपत्रे । बागमती प्रदेश सरकारले साँघुरो छोटोमार्गलाई १० मिटर फराकिलो बनाउँदै कालोपत्रे गरिरहेको छ । भीमफेदी-कुलेखानीको १६ किलोमिटर सडकखण्डमा देउरालीदेखि कुलेखानीसम्म पूरै कालोपत्रे भइसकेको छ भने भीमफेदीदेखि देउरालीसम्मको खण्डमा धमाधम कालोपत्रे गर्ने काम भइरहेको छ । उक्त खण्डको मोडहरुमा यसअघि नै स्ल्याब ढलान गरिएको थियो ।

# तीन महिला प्रधानाध्यापकलाई सम्मान

साझाकुरा संवाददाता



हेटौंडा/डेक नेपालको सहकार्य र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको समन्वयमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसीई) हेटौंडामा कार्यरत महिला प्रधानाध्यापकलाई सम्मान गरेको छ ।

शिक्षक दिवसको अवसरमा हेटौंडा उपमहानगर पालिकाभित्रका सामुदायिक विद्यालयका तीन महिला प्रधानाध्यापक सम्मानित भएका हुन् । सम्मानित हुनेमा अमर माध्यमिक विद्यालयकी प्रधानाध्यापक मालती उप्रेती, बाराही निम्न माध्यमिक विद्यालयकी प्रधानाध्यापक मञ्जु देबकोटा र भावना प्राथमिक विद्यालय हेटौंडा-१८ की प्रधानाध्यापक रुपा रिजाल रहेका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसीई) मकवानपुरका जिल्ला संयोजक बुद्धविर लामाले सहजिकरण गरेको कार्यक्रममा बंशगोपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेश प्रसाद लामिछाने, अमर माध्यमिक विद्यालयकी प्रधानाध्यापक मालती उप्रेती, प्राध्यापक एवं पत्रकार सुरेश श्रेष्ठ लगायतले अन्तर्राष्ट्रिय शिक्षा दिवसको उपादेयताको बारेमा मन्तव्य व्यक्त गरेका थिए । हरेक बर्ष अक्टोबर ५ मा मनाईने अन्तर्राष्ट्रिय शिक्षक दिवसको यसबर्षको नारा 'शैक्षिक सुधारको केन्द्रमा शिक्षक' भन्ने रहेको छ ।

कार्यक्रम जिल्ला समन्वय समिती (जिसस) मकवानपुरका प्रमुख रघुनाथ खुलालको प्रमुख आतिथ्यतामा भएको हो । प्रमुख अतिथी एवम् जिसस मकवानपुरका प्रमुख खुलालले उनीहरुलाई प्रशंसापत्र प्रदान गरेका थिए । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख प्रेमराज खरेल र शाखा अधिकृत कृष्णप्रसाद पौडेलको विशेष आतिथ्य तथा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, बागमती प्रदेश संयोजक प्रकाश खतिवडाको अध्यक्षतामा भएको थियो । कार्यक्रममा बागमती प्रदेश संयोजक खतिवडाले गुणस्तरीय शिक्षाका लागि अभिभावकको भुमिका र शिक्षकको उत्तरदायित्व विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

# विद्यार्थीलाई झोला सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडाका समाजसेवी तथा युवा व्यवसायी विकेशलाल श्रेष्ठ र उनको परिवारले भीमफेदीमा रहेको बालमन्दिर (बाल गृह)मा रहेका बालबालिकालाई झोला वितरण गरेका छन् ।

श्रेष्ठले आफ्नी छोरी विभियानाको नाममा दर्ता गरेको 'विभियाना फाउन्डेसन'मार्फत भीमफेदी-६ मा रहेको बाल मन्दिर (बाल गृह)मा आश्रित ३१ जना बालबालिकालाई झोला वितरण गरिएको हो ।

नेपाल बाल संगठन केन्द्रीय अध्यक्ष विद्या न्यौपानेको प्रमुख आतिथ्यता र भिमफेदी गाउँपालिका उपाध्यक्ष पार्वती रानाको विशेष आतिथ्यतामा बालबालिकालाई पैसा चिनाउने उदेश्यका साथ फाउन्डेसनले बालमन मार्केट कार्यक्रमको आयोजन गर्दै ३१ जना बालबालिकालाई २५ हजार बराबरको झोला वितरण गरेको हो ।

दशैं तिहार छठ तथा ल्होसार पर्वको अवसरमा नेपाल बाल संगठन मकवानपुरको आयोजनमा झोला वितरण गरिएको श्रेष्ठले बताए ।

# माओवादी हेटौंडा-२ अध्यक्षमा रिजाल चुनिए

साझाकुरा संवाददाता



हेटौंडा/नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ को अध्यक्षमा इन्द्रप्रसाद रिजाल चयन भएका छन् ।

बिहिबार भएको वडा सम्मेलनले रिजालको नेतृत्वमा ३५ सदस्यीय वडा कमिटी गठन गरेको हो । यसैगरी, कमिटीको उपाध्यक्षमा विष्णुहरी वाईबा, सचिवमा ओम पुडासैनी, सह-सचिवमा झलक छतकुली, कोषाध्यक्षमा भवानी घिमिरे चयन भएका छन् ।

भेला नेकपा माओवादी केन्द्रका बागमती प्रदेश कमिटी सदस्य ललित घलानको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा मकवानपुर जिल्ला सचिवालय सदस्य एवम् प्रचार विभाग प्रमुख कमान सिं पाखिन (पृथक), नगर इन्चार्ज विवेक राई, नगर अध्यक्ष तीर्थबहादुर थापामगर लगायत नेताहरुको उपस्थित रहेको थियो ।

बिहिबार नै योङ कम्युनिस्ट लिग (वाईसीएल) को पनि वडा कमिटी चयन भएको छ । सदिम श्रेष्ठको संयोजकत्वमा ५१ सदस्यीय वाइसियल वडा कमिटी गठन भएको नेकपा मकवानपुरका प्रचार बिभाग प्रमुख पाखीनले बताए । कार्यक्रममा नेकपा एकीकृत समाजवादी निकट अखिल फोर्सका मकवानपुर क्याम्पस इन्चार्ज विमल बस्नेत, विकास गोलेलगायतका विद्यार्थी नेताहरु माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

# महिला एकताको लगानी ६ करोड



साझाकुरा संवाददाता

हेटौंडा/ग्रामिण भेगमा महिलाहरुको विकासमा योगदान पुऱ्याउँदै आएको महिला एकता बचत तथा ऋण सहकारी संस्थाले ६ करोड भन्दा बढी लगानी गरेको छ ।

भीमफेदी गाउँपालिका वडा नम्बर २ भैंसेस्थित महिला एकताको २३ औं वार्षिक साधारण सभा भएको थियो । सहकारीको साधारणसभा १७ असोजदेखि सुरु भएको थियो । साधारण सभा कोराना माहामारीको जोखिम रहेकाले समूह गत टोलटोलमा गएर सभा गरिएको सहकारीका व्यवस्थापक शर्मिला ढुंगानाले बताएकी छन् । साधारणसभामा प्रस्तुत गरिएको आर्थिक प्रतिवेदन अनुसार सहकारीले ६ करोड १२ लाख ७१ हजार ८ सय २० रुपैयाँ ऋण लगानी गरेको हो ।

१ हजार ५४ शेयर सदस्य रहेको सहकारीले ८ करोड ६९ लाख ९७ हजार ५ सय ४५ कारोबार गरेको छ । ८७ लाख ९३ हजार दुई सय शेयर शेयरपुर्जी रहेको छ । संस्थाले १७ लाख ६४ हजार ८ सय १२ रुपैयाँ खुद नाफा गरेको छ ।

सहकारीमा बचत निक्षेप ६ करोड ८२ लाख ६ हजार ४ सय ४२ रहेको व्यवस्थापक ढुंगानाले बताइन् । संस्थाका अध्यक्ष शर्मिला महतको सभाध्यक्षतामा भएको साधारणसभामा १७ वटा प्रस्तावमाथि छलफल गरी पास गरिएको थियो । संस्थाकी संस्थापक अध्यक्ष सिता थापालगायतको आतिथ्यता थियो ।

# डेन्टल एशोसिएसनमा पुडासैनी



साझाकुरा संवाददाता

हेटौंडा/डाक्टर सरोज पुडासैनीको अध्यक्षतामा नेपाल डेन्टल एसोसिएसन मकवानपुर शाखाको प्रथम कार्यकारिणी समति चयन भएको छ ।

बिहीबार हेटौंडामा भएको भेलाले डा. पुडासैनीको अध्यक्षतामा नौ सदस्यीय कार्यकारिणी समिति चयन गरिएको हो । डा.रोशन चौधरीको अध्यक्षतामा भएको भेलामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाका प्राध्यापक डा.सतिस कुमार देवको प्रमुख आतित्थ्यता रहेको थियो ।

भेलाले कार्यकारिणी समितको उपाध्यक्षमा डा. सुनिल कुमार साह, महासचिवमा डा. मोहम्मद आरीफ करिम, कोषाध्यक्षमा डा.पबिता ढुंगाना, सहसचिवमा डा. समिश थापालाई सर्वसम्मत चयन गरेको छ । यसैगरी समितिको सदस्यहरुमा डा.नेहा ढकाल, डा.नरेश राय, डा.तनिशा दाहाल र डा. प्रेरणा अर्याल रहेका छन् ।

# 'आर्थिक पत्रकारिताबाट महत्वपूर्ण सुझाव पाइनेछ'




साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री रचना खड्काले आर्थिक पत्रकारिताबाट प्रदेशको आर्थिक मामिलामा महत्वपूर्ण सुझाव प्राप्त हुने बताएकी छन् ।

शुक्रबार हेटौंडामा नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयसँगको सहकार्यमा आर्थिक पत्रकारहरुलाई सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धि तालिम तथा अभिमुखीकरणलाई सम्बोधन गर्दै मन्त्री खड्काले पत्रकारले तीनै तहको सरकारलाई जिम्मेवार बनाउन सक्ने दाबी गर्दै संघीय व्यवस्था बलियो बनाउने आर्थिक पाटो चुस्त हुनुपर्नेमा जोड दिइन् ।

उनले पत्रकारिता क्षेत्र एडभान्स भएको बन्दै वित्तिय संघीयता सफल बनाउन सकियो भने संघियताको अर्थले सार्थकता पाउने बताइन् । उनले पत्रकारको अध्ययन विश्लेषणले राष्ट्रको वित्तीय व्यवस्था दरिलो हुने धारणा राखिन् । कार्यक्रममा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयका अर्थ सचिव धनिराम शर्माले आर्थिक सूचनाहरू जनताका बिचमा लैजाने क्रममा पत्रकारहरूबाट प्राबिधिक त्रुटी हुने गरेको गुनासो गरे ।

सरकारले बिनियोजित गर्ने बजेट मितव्ययी भए नभएको, दोहोरपना आए नआएको बारे चासो राखिदिन उहाँले आग्रह गर्नुभएको छ । पारदर्शीतालाई ध्यानमा राख्दै लक्षित बजेट, खर्च बारे राम्रो अध्ययन नभएको बताए । सरकारले बजेट ल्याउनु अघि जनताको सुझाव संकलन भए नभएको, संसदीय नियन्त्रणको अवस्था, कर प्रणाली, योजनाको दीर्घ प्रभावित बारे सूचना आमनागरिकमा लैजान मिडियाले भूमिका निर्वाह गर्नु पर्ने अर्थ सचिव शर्माले बताए ।

आर्थिक पत्रकार समाज सेजनका अध्यक्ष जनार्दन बरालको अध्यक्षतामा भएको कार्यक्रममा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा हालसम्मका व्यवस्थाहरु बारे पेफाका सदस्य सचिव गोरखबहादुर शाहीले र प्रदेश बजेट खर्च प्रणाली तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने कामहरू बारेमा बागमती प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायले प्रस्तुति गरेका थिए ।

कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव सुशील पाण्डेले केन्द्रीय तथा प्रदेश बजेट अनुदान प्रणाली, पुँजीगत खर्च संचित कोष बजेट घाट यसका समस्या र अभ्यास बारे जानकारी गराएका थिए । यसैगरी सेजनका निवर्तमान अध्यक्ष भीमप्रसाद गौतमले सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धि हालको रिपोर्टिङ बारे पत्रकारलाई सहजीकरण गरेका थिए ।

# पत्रकार महासंघद्वारा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा शुक्रबार शुभकामना आदाप्रदान तथा चियापान कार्यक्रम भएको छ ।

विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम भएको हो । कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतको प्रमुख आतिथ्यतामा रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा नगर प्रमुख महतले मकवानपुरका पत्रकारको संस्थागत विकासका लागि स्थानीय सरकारले सक्दो सहयोग गर्ने बताए । मकवानपुरका एक सय ६४ जना पत्रकारको पाँच लाख रुपैयाँका दरले दुर्घटना बिमा गर्नका लागि कार्यपालिकाबाट निर्णय गरिसकिएको र पत्रकार पेन्सन कोषमा पनि १० लाख रुपैयाँ सहयोग गर्ने निर्णय भइसकेको उनले जानकारी दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, महासचिब कृष्ण सारु मगर, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्षहरु क्रमश: नबराज शर्मा, कौशल पाण्डे, प्रताप विष्ट, राममणि दाहाल, भानुभक्त आचार्य, निवर्तमान अध्यक्ष हरि हुमागाईं लगायतको आतिथ्यता रहेको थियो ।

**हार्दिक निमन्त्रणा**

ओम बृद्धाश्रम हेटौंडा-२, चोकीटोलको १५ औं बार्षिक साधारणसभा तथा अधिवेशन तपशिलको निम्न मिति, समय र स्थान हुने भएकोले कार्यक्रममा उपस्थितिको लागि सम्पूर्ण सदस्य, आजीवन सदस्य, सहयोगीदाताहरुमा हार्दिक निमन्त्रणा गरिन्छ ।

तपशिल:
मिति: २०७८/०६/२३ गते शनिबार
समय: ११:०० बजे
स्थान: बृद्धाश्रमको आफ्नै

बुद्धिप्रसाद पौडेल (अध्यक्ष)

**ओम बृद्धाश्रम, हेटौंडा-२ चौकीटोल**




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्**

घर वा ठूला आयोजना
निर्माण गर्दै हुन्छ ?

निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल